खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
प्रधान कार्यालय, भद्रकालीप्लाजा, काठमाण्डौ

# विषय : गम्भीर ध्यानाकर्षण भएको बारे ।

यस कम्पनीको स्वीकृत बार्षिक नीति तथा कार्यक्रम अनुसार भैरहेका कामकारवाहीको बारेमा केही पत्रिकाहरुमा कपोलकल्पित र भ्रामक समाचार प्रकाशित भएको विषयमा कम्पनीको गम्भीर ध्यानाकृष्ट भएको छ। सो सम्बन्धमा सम्पूर्ण सरोकारवाला र उपभोक्ताहरुमा देहाय बमोजिम स्पष्ट पार्न चाहन्छौः-

१. कम्पनीका विभिन्न ७ वटा कार्यालयमा बुझाउने गरी चौथो पटक बोलपत्र आह्वान गर्दा प्राप्त बोलपत्रहरु स्वीकृत भै खाद्यान्न खरिद प्रक्रिया अगाडि बढेको व्यहोरा जानकारी गराइन्छ । चामल खरिद कार्य सार्वजनिक खरिद कानून अवलम्वन गरी बोलपत्र प्रक्रियाबाट भएको हुँदा यसमा अनियमितता भएको भन्ने कुरामा कुनै आधार छैन।

२. कम्पनीले खरिद सम्झौता गर्दा उल्लेख गरेको गुणस्तरलाई आधार मानी प्राविधिकबाट गुणस्तर बिश्लेषण गरी मापदण्डमा परेको हकमा मात्र बुझिलिने व्यवस्था भएकोले गुणस्तरहीन चामल खरिद हुने संभावना छैन ।

३. सञ्चालक समितिबाट स्वीकृत प्रादेशिक संरचना अनुरुप वरिष्ठ कर्मचारीलाई प्रादेशिक कार्यालयको जिम्मा दिने र कनिष्ठलाई मातहत रहेका मुख्यशाखा र शाखा कार्यालयको प्रमुख बनाउने गरी सरुवा गरिएको र अन्य सरुवाहरु नियमित व्यवस्थापकीय कार्यको रुपमा भएकोले यसमा कुनै चलखेल भएको भन्ने आधार छैन।